स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री सुहाना थापा अहिले आफ्नो नयाँ चलचित्र "बा : एक योद्धा" का कारण चर्चामा छिन्। संगीतकार हरि लम्सालको निर्देशनमा बनेको यस चलचित्रमा सुहाना पहिलो पटक आफ्नी आमा झरना थापासँग मुख्य भूमिकामा देखिँदैछिन्। चलचित्रले नेपाली परिवारमा एक बुवाले सन्तानको भविष्यका लागि गर्ने त्याग, संघर्ष र जिम्मेवारीको भावनात्मक कथा प्रस्तुत गर्ने निर्माण पक्षले जनाएको छ।

**आजको विचार...**



त्रि.वि...
*(दुई पेजमा)*

डा. राजेन्द्र चापागाई



अभिनेत्री साम्राज्ञी शाह दुईवर्षपछि फिल्म अभिनयमा फर्किने पक्का भएको छ। उनको शीर्ष भूमिका रहने फिल्म "एक्का मिस्सी बादशाह" निर्माणको घोषणा भएको छ। यो कथानकलाई डेब्यू निर्देशक सञ्जय राईले निर्देशन गर्नेछन्। उनी फिल्म करिअरलाई अघि बढाउन बेलायतबाट नेपाल आइपुगेका हुन्। आयोजित पत्रकार सम्मेलनमा उनले यो फिल्म बनाउने रुचिबारे चर्चा गरे। उनी स्पेन लगायतका थलो घुमघाममा ब्यस्त थिइन्।

❐ वर्ष ३२ ❐ अंक ११ ❐ २०८३ साउन ११ गते सोमबार 27 July 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### दुई आक्रमणमा ३२ जना सर्वसाधारणको मृत्यू

**(रासस/सिन्ह्वा)**

**किन्शासा,** साउन १० /पूर्वी डेमोक्रेटिक रिपब्लिक अफ कङ्गो (डीआरसी)मा 'एलाइड डेमोक्रेटिक फोर्सेस' (एडीएफ)ले पछिल्लो ७२ घण्टामा गराएका दुई छुट्टाछुट्टै आक्रमणमा कम्तीमा ३२ जना सर्वसाधारणको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले शनिबार जनाएका छन् । संयुक्त राष्ट्रसैको सहयोगमा डीआरसीमा सञ्चालित 'रेडियो ओकापी'का अनुसार आक्रमण माम्बासा क्षेत्रका गाउँमा भएका हुन् । थप पीडितको खोजी तथा पहिचानकार्य जारी रहेकाले मृतकको सङ्ख्या बढ्न सक्ने स्थानीय नागरिक समाजका प्रतिनिधिले बताएका छन् । आक्रमणपछि प्रभावित गाउँ तथा आसपासका क्षेत्रमा विस्थापनको नयाँ लहर देखिएको छ । थप हिंसाको त्रासमा स्थानीय बासिन्दा सुरक्षित स्थानतर्फ पलायन भएका छन् । शनिबार अबेरसम्म स्थानीय अधिकारी तथा डीआरसीको सशस्त्र बलले पछिल्ला आक्रमणबारे आधिकारिक प्रतिक्रिया दिएका थिएनन् । स्थानीय नागरिक समाज संस्थाका अनुसार एडीएफले यस वर्ष मार्चयता माम्बासा क्षेत्रका करिब २० गाउँमा १०० भन्दाबढी मानिसको हत्या गरिसकेको छ ।

# कहाँ हराए बकुल्ला ?

***एक दशक अघि सम्म बर्खा लागेपछि पाल्पाका फाँट र सिमसारहरुमा देखिने बकुल्ल हिजो आज भने देखिन छोडेका छन् । यहाँका माडीफाँट, अर्गली, रामपुर पूर्वखोला जस्ता फाँट र स-साना खोलाका किनारामा देखिने हाँस प्रजातिका सेतो बकुल्लाहरु आहारको अभावमा यति बेला देख्न पाइँदैन ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** साउन १०/बिहानको शान्त वातावरणमा खेतबारी, नदी किनार र सिमसार क्षेत्रमा सेतो शरीर र लामो घाँटी फैलाउँदै बकुल्ला देखिनु कुनै समय सामान्य दृश्य थियो । तर अहिले त्यही दृश्य क्रमश: दुर्लभ बन्दै गएको छ । केही वर्षअघिसम्म खेत जोत्दा किसानका पछि-पछि हिँड्ने, पानीमा माछा र भ्यागुता खोज्दै रमाउने बकुल्ला आज कहाँ हराए भन्ने प्रश्न धेरैको मनमा उब्जिन थालेको छ ।

एक दशक अघिसम्म पाल्पाको अन्नको भण्डारको रुपमा रहेको माडीफाँटमा बेलुकीको समयमा आफ्नो आहारा खोजेर टाढा टाढाबाट बकुल्ला बासमा फर्किदा हुलै सित लाइनबद्ध भएर आउने गरेको दमकडाका प्रकाश नेपाल सम्झन्छन् । उनी भन्छन् "मालचराको झल्को नै दिने गरी आउने



ति बकुल्ला पछिल्लो समय एकाएक कहाँ गए कसैलाई पत्तो छैन । " बर, पिपल, स्वामी, सिमल जस्ता अग्ला अग्ला रुखहरुमा सेताम्ये देखिने बकुल्लाहरु एकाएक हराउँदै गएको नेपालले बताए । उनले भने " जब-जब फाँटहरुमा धान रोप्ने समय हुन्छ तब बकुल्लाहरु खेतका छेउछाउँमा सेताम्मै देखिन्थे, तिनीहरु धान नकाट्दासम खेतमै देखिन्थे तर हिजो आज भने देख्नै छैन ।" बकुल्लाले पानीभित्र माछा तथा चिस्यानमा बस्ने भ्यागुता, गंगटा, साना -साना सर्पहरुको शिकार गर्ने गर्छन् । हिजो आज खोला र सिमसारहरु नै मासिदै जाँदा तिनीहरु पनि हराउँदै गएको नेपालको भनाई छ । "पहिले-पहिले यहाँका सिमलका रुखहरु कुनै खाली नै हुँदैन थिए । सबैमा सेताम्य भएर बास बसेको देखिन्थ्यो । यी एकाएक हराएको धेरै भएको छैन " उनले भने "अन्न बालीमा विषादीको प्रयोगका कारण माछा पाउनै कठिन भयो र आहारामा कमी आएकोले एक/एक गरी संख्यामा कमी आउँदै गएको हो ।" ७/८ वर्ष अघिसम्म अर्गलीका फाँटहरुमा पनि बकुल्लाहरु प्रसस्त देखिन्थे । तर हिजो आज भने एक/ दुई वटा बाहेक देख्न पाइँदैन । धान रोपाइँ सकेपछि हरेक खेतका आलीहरुमा सयौंको संख्यामा देखिने बकुल्लाहरु आजभोली देख्न छोडिएको स्थानीय मेघराज पौडेलले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## तानसेनमा २४सै घण्टा विशेषज्ञ सेवासहितको पोलिक्लिनिक सञ्चालन हुँदै

**हाम्रा संवाददाता**

पाल्पा, साउन १० / पाल्पाको तानसेनमा २४सै घण्टा विशेषज्ञ चिकित्सकसहितको स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले नयाँ पोलिक्लिनिक सञ्चालनमा आउने भएको छ । खस्यौली स्वास्थ्य केन्द्रका डा. चुरामणि रेग्मी नेतृत्वको टोलीले तानसेन नगरपालिका-३, सिल्खानटोलमा विशेषज्ञ सेवासहितको पोलिक्लिनिक सञ्चालनको तयारी अन्तिम चरणमा पुऱ्याएको जनाएको छ ।

आइतबार आयोजित पत्रकार सम्मेलनमा डा. रेग्मीले जिल्लावासीलाई गुणस्तरीय, सर्वसुलभ र सहज स्वास्थ्य सेवा उपलब्ध गराउने लक्ष्यसहित पोलिक्लिनिक सञ्चालन गर्न लागिएको जानकारी दिए । उनका अनुसार सेवा सुरु भएपछि सामान्यदेखि विशेषज्ञ स्वास्थ्य सेवासम्मका लागि बुटवल, भैरहवा, काठमाडौंलगायतका



सहर धाउनुपर्ने बाध्यता उल्लेखनीय रूपमा कम हुने अपेक्षा गरिएको छ । पोलिक्लिनिकबाट नियमित स्वास्थ्य परीक्षण, विशेषज्ञ चिकित्सकको परामर्श तथा आवश्यक उपचार सेवा उपलब्ध गराइनेछ । साथै २४ सै घण्टा चिकित्सकसहितको आकस्मिक सेवा, ओपीडी, प्रयोगशाला, भिडियो एक्स-रे (अल्ट्रासाउन्ड), एक्स-रे, ईसीजी तथा आवश्यक औषधि सेवा सञ्चालन गरिने डा. रेग्मीले बताए ।

**(बाँकी अन्तिम पेजमा...)**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बर्खासँगै रोगको जोखिम

बर्खाको समयमा जताततै हराभरा हुने, खेतबारीमा नयाँ आशा जगाउने र पानीका स्रोतहरू बढ्ने गर्दछ । तर यही मौसमसँगै विभिन्न संक्रामक रोगहरूको जोखिम पनि उल्लेखनीय रूपमा बढ्ने गर्छ । वर्षाका कारण हुने दूषित खानेपानी, फोहोर व्यवस्थापनको कमजोरी तथा लामखुट्टेको वृद्धि जस्ता कारणले डेंगु, मलेरिया, हैजा, झाडापखाला, टाइफाइड, हेपाटाइटिस ए र इ लगायतका रोग फैलिने सम्भावना उच्च हुन्छ । दूषित पानी, अस्वस्थ खाना र भीडभाडयुक्त बसोबासले रोगको महामारी फैलाउने सम्भावना बढेको छ । वर्षायाममा पानीका मुहानहरु प्रदूषित हुने हुँदा उमालेर मात्र पिउनुपर्ने, साबुनपानीले हात धुने, सफा शौचालय प्रयोग गर्ने, ताजा खानेकुरा सेवन गर्नेजस्ता आधारभूत सावधानी अपनाउनुपर्ने आवश्यकता हुन्छ । बर्खालाई केवल प्राकृतिक सौन्दर्यको मौसमका रूपमा होइन, स्वास्थ्य सुरक्षाको दृष्टिले पनि विशेष सतर्कता अपनाउनुपर्ने समयका रूपमा लिनुपर्दछ ।

रोग नियन्त्रणका लागि सरकार, स्थानीय तह र स्वास्थ्य निकायले समयमै पूर्वतयारी गर्नु आवश्यक छ । स्वच्छ खानेपानीको व्यवस्था, फोहोरको उचित व्यवस्थापन, लामखुट्टे हुर्किने स्थानको नियन्त्रण, जनचेतनामूलक अभियान तथा आवश्यक औषधि र स्वास्थ्यकर्मीको पर्याप्त व्यवस्था गर्न सकिए जोखिम धेरै हदसम्म कम गर्न सकिन्छ । विद्यालय, सामुदायिक संस्था र सञ्चारमाध्यमले पनि जनचेतना फैलाउन प्रभावकारी भूमिका खेल्नुपर्छ । व्यक्तिगत स्तरमा पनि सावधानी उत्तिकै महत्वपूर्ण छ । उमालेर वा शुद्धीकरण गरिएको पानी मात्र पिउने, खाना सफा र ताजा खाने, साबुनपानीले नियमित हात धुने, घर तथा वरपर पानी जम्न नदिने, लामखुट्टेबाट बच्न झुल वा रिपेलेन्ट प्रयोग गर्ने र ज्वरो, पखाला वा अन्य असामान्य लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा पुग्ने बानीले धेरै रोगबाट बच्न सकिन्छ । बर्खा आफैँ समस्या होइन, समस्या हाम्रो लापरवाही र अपर्याप्त तयारी हो । समयमै अपनाइने सानो सावधानीले ठूलो स्वास्थ्य संकट टार्न सकिन्छ । विपद् व्यवस्थापन र रोग नियन्त्रणलाई दीर्घकालीन दृष्टिकोणबाट अघि बढाउनुपर्छ । अस्थायी राहतले मात्र समस्या समाधान हुँदैन । सुरक्षित बसोबास, स्वास्थ्य पूर्वाधार, स्वच्छ खानेपानीको पहुँच, जनचेतना र शिक्षा दीर्घकालीन समाधानका आधार हुन् । विपद् व्यवस्थापनलाई स्वास्थ्य सुरक्षासँग जोडेर दीर्घकालीन नीति बनाउन सकिए मात्र नागरिकको जीवन सुरक्षित हुन्छ ।

### Opinion @ Social Network

समय कसैको लागि पर्खँदैन,
त्यसैले हरेक पललाई शान्ति र खुशीका साथ जिउनु नै वास्तविक जीवन हो ।
*(रेनु क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/Renu.Chhetri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# त्रि.वि : राजनीतिक भागबण्डादेखि सेवा आयोगको अग्निपरीक्षासम्म



डा. राजेन्द्र चापागाई

**राजनीतिक नियुक्तिको दुष्चक्र**

त्रिभुवन विश्वविद्यालयको पछिल्लो तीन दशकको इतिहास पल्टाउँदा एउटा तीतो यथार्थ निरन्तर देखिन्छ- विश्वविद्यालयका उपकुलपतिदेखि पियनसम्मका नियुक्ति राजनीतिक भागबन्डाको छायाबाट मुक्त हुन सकेका छैनन् । नियुक्ति प्रक्रियामा योग्यता, क्षमता र संस्थागत आवश्यकताभन्दा राजनीतिक निकटता, दलगत पहुँच र गुटगत शक्ति निर्णायक बन्दै आएको देखिन्छ । जब विश्वविद्यालयका पदाधिकारीहरू नै राजनीतिक भागबन्डाका आधारमा नियुक्त हुन्छन्, उनीहरूको पहिलो उत्तरदायित्व स्वाभाविक रूपमा विश्वविद्यालयभन्दा आफूलाई नियुक्त गर्ने राजनीतिक शक्ति वा दलप्रति केन्द्रित हुन्छ । उनीहरूले सेवा गर्नुपर्ने संस्था, शिक्षक, कर्मचारी, विद्यार्थी र समग्र प्राज्ञिक समुदायभन्दा आफूलाई पदमा पुऱ्याउने राजनीतिक नेतृत्वप्रति बढी उत्तरदायी बन्ने अवस्था सिर्जना हुन्छ । पदाधिकारीहरू आफूलाई नियुक्त गर्ने दलको आदेश पालना गर्न, दलका नेताहरूलाई सन्तुष्ट पार्न, आ्नो नियुक्तिको राजनीतिक आधार सुरक्षित राख्न तथा आफ्ना निकटस्थहरूको हित संरक्षण गर्नुलाई नै पदीय कर्तव्य ठान्न थाल्छन् । विश्वविद्यालयको शैक्षिक गुणस्तर, अनुसन्धानको विकास, शिक्षकको प्राज्ञिक उन्नयन, कर्मचारीको क्षमता अभिवृद्धि, तालिम र संस्थागत सुधार भने प्राथमिकताको सूचीमा क्रमश: पछाडि धकेलिन्छन् । राजनीतिक नियुक्तिको सबैभन्दा ठूलो समस्या यहीँबाट सुरु हुन्छ । जुन राजनीतिक दलले नियुक्ति गर्छ, पदमा पुऱ्याउँछ र आवश्यक परे पद जोगाइदिन सक्छ, त्यही राजनीतिक शक्तिले पदाधिकारीलाई दलगत स्वार्थका लागि काम गर्न निरन्तर दबाब दिन्छ । यस्तो अवस्थामा त्रिभुवन विश्वविद्यालयको हित र राजनीतिक नेतृत्वको निर्देशनबिच द्वन्द्व उत्पन्न हुँदा पदाधिकारीले संस्थागत हितभन्दा राजनीतिक निर्देशनलाई प्राथमिकता दिनुपर्ने मानसिक दबाब महसुस गर्छन् । यो दबाब केवल राजनीतिक नेतृत्वबाट मात्र आउँदैन, सम्बन्धित दलका सै/सङ्गठनका नेतृत्वमा रहेका प्राध्यापक, कर्मचारी तथा विद्यार्थीका प्रतिनिधिहरूले पनि प्रत्यक्ष वा अप्रत्यक्ष दबाब सिर्जना गर्छन् । कतिपय अवस्थामा उनीहरूको प्रत्यक्ष/अप्रत्यक्ष सन्देश स्पष्ट हुन्छ- 'तपाईंलाई हामीले पदमा पुऱ्याएका हौं, त्यसैले हामीले भनेको काम गर्नुपर्छ । अन्यथा तपाईंको स्थानमा अर्को विकल्प सोच्नुपर्ने हुन्छ ।' यस्तो चेतावनीले पदाधिकारीलाई संस्थाको हितमा स्वतन्त्र निर्णय गर्नुभन्दा राजनीतिक समूहको अपेक्षा पूरा गर्न बाध्य बनाउँछ । पद जोगाउनुपर्ने बाध्यता संस्थागत जिम्मेवारीभन्दा शक्तिशाली बन्छ । फलत: विश्वविद्यालयमा संस्थागत निर्णयभन्दा राजनीतिक सङ्गठनको निर्देशन बलियो बन्दै जान्छ र विश्वविद्यालयको स्वायत्तता क्रमश: क्षीण हुँदै जान्छ । विश्वविद्यालयको नेतृत्व जब राजनीतिक संरक्षणमा निर्भर हुन्छ, तब विश्वविद्यालय स्वयम् संस्थाका रूपमा होइन, राजनीतिक प्रभावको विस्तारका रूपमा सञ्चालन हुने खतरा बढ्छ । यही अवस्थाले राजनीतिक नियुक्तिलाई एउटा नियुक्तिमा मात्र सीमित राख्दैनह यसले विश्वविद्यालयभित्र राजनीतिक हस्तक्षेपको सम्पूर्ण संरचना निर्माण गर्छ ।

**भागबन्डाको संस्कृति**

भागबन्डाको संस्कृतिले त्रिभुवन विश्वविद्यालयभित्रका विभिन्न तहका नियुक्तिमा राजनीतिक दलका सै/सङ्गठनहरूको हस्तक्षेप संस्थागत बन्दै जान्छ । आ्ना दलनिकट व्यक्ति, समूह वा आफन्तलाई नियुक्त गर्न पदाधिकारीमाथि दबाब दिने, सिफारिस गराउने र निर्णय प्रभावित पार्ने प्रयास निरन्तर चलिरहन्छ । कतिपय अवस्थामा आर्थिक लेनदेनसमेत हुने गरेको हुन सक्छ । निर्देशकदेखि परीक्षा नियन्त्रक, सह-परीक्षा नियन्त्रक, डिन वा सहायक डिनजस्ता पदमा उम्मेदवार बन्नुअघि नै विभिन्न राजनीतिक समूह तथा विद्यार्थी सङ्गठनका प्रतिनिधिहरूलाई 'खुसी' पार्नुपर्ने अवस्था सिर्जना हुन्छ । कतिपय उम्मेदवारहरू आफ्नो पक्षमा सिफारिस गराउन राजनीतिक समूह, सङ्गठनका पदाधिकारी वा विद्यार्थी नेताहरूको समर्थन खोज्न बाध्य हुन्छन् । नियुक्तिको प्रतिस्पर्धा शैक्षिक, प्राज्ञिक र प्रशासनिक योग्यताको आधारमा हुनै पाउँदैन । यो राजनीतिक पहुँच र गुटगत शक्तिको प्रतिस्पर्धामा परिणत हुन्छ । एउटै राजनीतिक छाताभित्र पनि विभिन्न समूहले फरक-फरक उम्मेदवारलाई समर्थन गर्छन् । अन्तत: प्रश्न 'सबैभन्दा योग्य को हो ?' भन्ने रहँदैनह प्रश्न 'कुन उम्मेदवारको पछाडि कति ठूलो राजनीतिक शक्ति छ ?' भन्ने बन्छ । यस्तो अवस्थामा योग्य र सक्षम व्यक्ति प्रतिस्पर्धाबाट बाहिरिन सक्छन्, जबकि राजनीतिक पहुँच भएका व्यक्ति संस्थागत जिम्मेवारीमा पुग्न सक्छन् । नियुक्ति योग्यता र क्षमताको मूल्याङ्कन होइन, राजनीतिक समीकरणको परिणाम बन्न पुग्छ । यो प्रवृत्ति कार्यालय सहायकदेखि निर्देशकसम्मका विभिन्न तहका नियुक्तिमा देखिन्छ । यसरी नियुक्ति प्रक्रिया क्रमश: प्राज्ञिक योग्यता, प्रशासनिक क्षमता र संस्थागत आवश्यकताबाट विचलित हुँदै राजनीतिक भागबन्डा, गुटगत प्रभाव र व्यक्तिगत पहुँचमा आधारित बन्न पुग्छ । राजनीतिक भागबन्डाको यो संस्कृति केवल केही व्यक्तिको नियुक्तिको समस्या होइन । यो विश्वविद्यालयको संस्थागत चरित्रमाथिको गम्भीर प्रश्न हो । जब नियुक्तिमा योग्यता हार्छ र राजनीतिक पहुँच जित्छ, तब विश्वविद्यालयमा प्रतिभाहरू निरुत्साहित हुन्छन्, योग्य व्यक्ति बाहिरिन्छन् र संस्थागत क्षमता क्रमश: क्षयीकरणतर्फ एक-एक पाइला चाल्दै अघि बढ्छ । अन्तत: विश्वविद्यालय राजनीतिक दलहरूको आन्तरिक शक्ति सन्तुलनको मैदान बन्छ । पद जिम्मेवारीको केन्द्र होइन, प्रभाव र संरक्षणको केन्द्र बन्छ । अनि विश्वविद्यालयको प्रश्न 'कसलाई नियुक्त गर्ने ?' भन्दा ठूलो 'कसको मान्छे नियुक्त गर्ने ?' भन्नेमा गएर टुङ्गिन्छ ।

**सेवा आयोग**

त्रिभुवन विश्वविद्यालय सेवा आयोगसँग सम्बन्धित गुनासाहरू पनि यसै राजनीतिक संस्कृतिसँग जोडिन्छन् । कसलाई स्थायी गर्ने, कसलाई बढुवा गर्ने, कसलाई बढुवा हुन नदिने, कसलाई अगाडि बढाउने र कसलाई पछाडि पार्ने भन्ने विषयमा समेत दलगत सङ्गठन र तिनका नेताहरूको प्रभाव रहने गरेको आरोप लाग्दै आएको छ । सेवा आयोगका पदाधिकारीहरू निष्पक्ष र स्वतन्त्र हुनुपर्ने हो । तर उनीहरू पनि राजनीतिक भागबन्डाको प्रक्रियाबाट पदमा पुगेका हुन् भने उनीहरू पनि दलगत सै, सङ्गठनको सल्लाह मुताबिक निर्णय गर्न बाध्य हुने नै भए । यस्तो अवस्थामा सेवा आयोग योग्यता र क्षमताको मूल्याङ्कन गर्ने संस्थाभन्दा राजनीतिक शक्ति सन्तुलनको केन्द्र बन्न पुग्छ । पङ्क्तिकार स्वयम् पनि विगतमा यस्तो प्रक्रियाको कुनै न कुनै रूपमा पीडित रहँदै आएको अनुभव राख्छ । त्यसैले यो विषय कुनै सुनेको कथा मात्र होइन, विश्वविद्यालयभित्र लामो समयदेखि काम गर्ने धेरै प्राध्यापकका अनुभव, गुनासा र पीडासँग जोडिएको विषय हो ।

**अनुसन्धान नामको विकृति**

राजनीतिक हस्तक्षेपसँगै विश्वविद्यालयमा प्राज्ञिक नैतिकताको प्रश्न पनि गम्भीर बन्दै गएको छ । विशेषगरी बढुवाका लागि आवश्यक अनुसन्धानात्मक लेख, पुस्तक, प्रतिवेदन र प्रकाशनका विषयमा गम्भीर प्रश्नहरू उठ्ने गरेका छन् । केही प्राध्यापकहरूले आफ्ना नाममा अरूबाट लेख लेखाउने, लेख वा अनुसन्धान सामग्री खरिद गर्ने, छिमेकी मुलुक वा अन्यत्रबाट तयार सामग्री ल्याएर आफ्नो नाममा प्रकाशित गर्ने अथवा बाह्य प्रकाशन गृहलाई ठूलो रकम तिरेर सामग्री प्रकाशित गराई त्यसलाई अन्तर्राष्ट्रिय प्रकाशनका रूपमा प्रस्तुत गर्ने गरेको आरोप लाग्दै आएको छ । अझ गम्भीर कुरा त के छ भने, कहिलेकाहीँ पदमा रहेका व्यक्तिहरूले आफू स्वयम्लाई बढुवामा अनुकूल हुने गरी नियम बनाउने वा नियममा परिवर्तन गराउने गरेको आरोपसमेत सुनिन्छ । यस्तो प्रवृत्ति केवल व्यक्तिगत बेइमानी होइन, विश्वविद्यालयको प्राज्ञिक नैतिकतामाथिको गम्भीर आक्रमण हो । हालको बढुवा प्रक्रियासम्बन्धी विज्ञापनलाई लिएर पनि कतिपय 'टाठाबाठा' व्यक्तिहरूले सेवा आयोगलाई प्रभावमा पारेर बढुवा प्राप्त गर्ने प्रयास गरिरहेको र कतिपय त्यसका लागि दौडधुपमा रहेको चर्चा सुनिन्छ । तर अहिलेको परिस्थिति विगतको भन्दा केही फरक देखिन्छ ।

**सेवा आयोगको निष्पक्षता**

हाल सेवा आयोगका पदाधिकारीहरू, विशेषत: अध्यक्ष, परम्परागत रूपमा विश्वविद्यालयभित्र सक्रिय दलगत पेसागत समूहभन्दा फरक पृष्ठभूमिबाट आएको व्यक्तिका रूपमा चिनिन्छन् । उनको शैक्षिक पृष्ठभूमि पनि बलियो देखिन्छ । ०३१ सालमा एसएलसीमा बोर्डफर्स्ट हुनु सामान्य कुरा थिएन । मलाई सम्झना आउँछ, ०३५ सालको एसएलसी नतिजामा फर्स्ट डिभिजन प्राप्त गर्ने छिमेकी गाउँको विद्यार्थीको अनुहार हेर्न म स्वयम् तीन घन्टाको बाटो हिँडेर गएको थिएँ । फर्स्ट डिभिजन नै दुर्लभ हुने समयमा बोर्डफर्स्ट हुनु बलियो शैक्षिक योग्यताको प्रमाण हो । त्यसपछिको उच्च शिक्षा पनि बलियो देखिन्छ उनको । सरकारी जागिरका क्रममा विशिष्ट श्रेणीमा पुगी सचिवको हैसियतमा शिक्षादेखि विभिन्न मन्त्रालयको अनुभव लिएको व्यक्ति हाल त्रिवि सेवा आयोगको अध्यक्षमा नियुक्त भएका छन् । यस्तो अवस्थामा त्रिवि सेवा आयोगमा केही शुद्धता आउला भन्ने आशा गर्न सकिन्छ । हाल सेवा आयोगका पदाधिकारीहरू विश्वविद्यालयभित्र जकडिएर रहेको दलगत शक्ति संरचनासँग प्रत्यक्ष रूपमा नजोडिएकाले उनीहरूमाथि परम्परागत राजनीतिक दबाव तुलनात्मक रूपमा कम हुने अनुमान गर्न सकिन्छ । यसै कारण अहिले धेरै प्राध्यापकहरूले सेवा आयोगको आगामी परीक्षा र अन्तर्वार्ता विगतको भन्दा फरक, पारदर्शी र निष्पक्ष हुने अपेक्षा गरेका छन् । विश्वविद्यालयका प्राध्यापकहरूमा एउटा आशा पलाएको छ- यसपटक राजनीतिक पहुँच, सङ्गठनात्मक दबाब र व्यक्तिगत सम्बन्धभन्दा योग्यता, अनुसन्धान र वास्तविक क्षमतालाई प्राथमिकता दिइनेछ । अन्तर्वार्तामा सहभागी हुने केही उम्मेदवारहरूले अरूबाट लेखाइएका लेख, प्रतिवेदन वा अनुसन्धान सामग्रीलाई आफ्नो मौलिक कामका रूपमा प्रस्तुत गरेको, कतिपयले फर्जी कागजात पेस गरेको पनि हुन सक्छन् । अब सेवा आयोगको वास्तविक परीक्षा यहीँ हुनेछ, उसले मौलिक र नक्कली प्राज्ञिकताको अन्तर छुट्याउन सक्छ वा सक्दैन ?

**लेख र लेखकबिचको सम्बन्ध कसरी जाँच्ने ?**

कुनै उम्मेदवारले आफ्नो नाममा प्रकाशित गरेको लेख वास्तवमै उसैले लेखेको हो वा होइन भन्ने पत्ता लगाउने एउटा सरल उपाय अन्तर्वार्ताका क्रममा अपनाउन सकिन्छ । उम्मेदवारले आ्नो अनुसन्धान वा लेखका रूपमा पेस गरेका सामग्रीमध्ये कुनै लेखोटलाई प्रतिनिधि रूपमा लिने र सोही लेखको कुनै उपशीर्षकमा उल्लेख गरिएको कुनै तर्क, अवधारणा वा विशिष्ट अंशबाट तत्काल प्रश्न सोध्न सकिन्छ । लेख वास्तवमै उम्मेदवार आफैँले अनुसन्धान गरी लेखेको हो भने उसले त्यसको मूल तर्क, सैद्धान्तिक आधार, तथ्य, निष्कर्ष र लेखन प्रक्रियाबारे स्वाभाविक रूपमा सहजै भन्न सक्छ । वास्तविक बौद्धिक स्वामित्व तुरुन्तै परीक्षणमा प्रकट हुन सक्छ ।

*-बाँकी तीन पेजमा...*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काम राम्ररी सकाउनु राम्रो हुनेछ। शान्त भएर अघि बढ्दा सजिलो हुनेछ। | **तुला** : आज नयाँ सोच आउन सक्छ। दिनभरि फुर्तिलो महसुस हुनेछ। |
| **वृष** : बाहिरको काममा बढी समय जान सक्छ। मन रमाउने वातावरण बन्नेछ। | **वृश्चिक** : कामको राम्रो असर देखिन थाल्नेछ। घरमा रमाइलो वातावरण बन्नेछ। |
| **मिथुन** : धैर्यले काम बनाउने दिन छ। कुरा सुन्दा राम्रोसँग बुझ्ने प्रयास गर्नुहोस्। | **धनु** : फरक ठाउँ जाने वा अनुभव लिने सम्भावना छ। हाँस्दै रमाउँदै दिन बित्नेछ। |
| **कर्कट** : परिवर्तनले काम गर्न सजिलो बनाउनेछ। खानपिनमा ध्यान दिनु राम्रो हुनेछ। | **मकर** : काम क्रम मिलाएर गर्दा सजिलो हुनेछ। अनावश्यक खर्च नगर्नु राम्रो हुनेछ। |
| **सिंह** : मीठो बोलीले कुरा पनि मिलाउन सक्नुहुनेछ। मन हल्का महसुस हुनेछ। | **कुम्भ** : सजिलै काम बन्न सक्छ। नयाँ तरिकाले काम गर्दा समय बच्नेछ। |
| **कन्या** : योजना बनाएर काम गर्दा सजिलै सकिनेछ। थकाइ लागे आराम गर्नुहोस्। | **मीन** : रुचिको काममा मन लाग्नेछ। घरका साना काम मिलाउँदै दिन बित्नेछ। |

## शिक्षा

# विद्यार्थीलाई गृहकार्य : आवश्यकता कि बोझ ?



विद्यालय शिक्षाको सन्दर्भमा गृहकार्य शिक्षण सिकाइ क्रियाकलापको एक अपरिहार्य र अभिन्न अङ्गको रूपमा रहेको छ । विद्यालयमा सिकेका ज्ञान र सिपलाई अभ्यास गर्ने, स्मरण गर्ने र बालबालिकाको सिकाइ क्षमताको विकास गर्ने माध्यमको रूपमा गृहकार्यलाई लिइन्छ । तर, गृहकार्यको आवश्यकता, यसको मात्रा र विद्यार्थीहरूमा पर्ने प्रभावका बारेमा शिक्षा क्षेत्रमा निकै लामो समयदेखि बहस हुँदै आएको छ । यो लेखमा बालबालिकालाई गृहकार्य दिने कि नदिने, दिए कति मात्रामा दिने र यसले बालबालिकालाई कस्तो प्रभाव पार्छ भन्ने विषयमा चर्चा गरिन्छ ।

**गृहकार्य किन आवश्यक छ ?**

अमेरिकी शिक्षाविद् अल्फी कोन विद्यार्थीलाई गृहकार्य दिने परिपाटीको कडा विरोध गर्छन् । गृहकार्यले बालबालिकालाई अतिरिक्त बोझ थप्छ र पारिवारिक तथा व्यक्तिगत समयबाट टाढा गराउँछ । उनको दृष्टिकोणमा अतिरिक्त विद्यालयको कार्यभन्दा आराम, खेलकुद र मनोरञ्जनलाई प्राथमिकता दिनुपर्छ । उनको तर्क छ, 'प्राथमिक तहका विद्यार्थीहरूका लागि गृहकार्यले शैक्षिक उपलब्धिमा सुधार ल्याउँछ भन्ने कुनै प्रमाण छैन ।' अल्फी कोन जस्तै गृहकार्य नै दिनु हुँदैन भन्ने शिक्षाविदहरू कमै पाइन्छन् । वास्तवमा विद्यार्थीका लागि गृहकार्य विद्यालयको समय सकिएपछिको निरन्तर सिकाइ प्रक्रिया हो । कक्षामा शिक्षकले पढाएको कुरा एक पटक सुनेर मात्र विद्यार्थीको दिमागमा पूर्ण रूपमा बस्दैन । जब विद्यार्थीहरू घरमा गएर त्यही विषयमा गृहकार्य गर्छन्, तब विद्यालयमा सिकेको विषयवस्तुको पुनरावृत्ति हुन्छ र उनीहरूले पढेको कुरा राम्रोसँग बुझ्छन् र ज्ञान स्थायी बन्छ । यसले सिकाइलाई सुदृढ पार्न मद्दत गर्छ । कक्षाकोठाको सिकाइलाई बलियो बनाउँछ र दिगो बनाउँछ । गृहकार्य प्राय: विद्यार्थीले एक्लै गर्नुपर्ने हुन्छ । जसका कारण विद्यार्थीहरूलाई आफैं अध्ययन गर्ने बानीको विकास गर्छ । नियमित रूपमा गृहकार्य गर्दा विद्यार्थीमा समय व्यवस्थापन गर्ने, अनुशासित बन्ने र आत्मनिर्भर हुने बानीको विकास हुन्छ । विद्यार्थीले पढेको विषय कत्तिको बुझेका छन्, त्यसलाई आफ्नै भाषा र शैलीमा कत्तिको व्याख्या विश्लेषण गर्न सक्छन् भनेर शिक्षकले सजिलै थाहा पाउन सक्छन् । विद्यार्थीले गृहकार्यमा गरेका गल्ती कमजोरी पहिचान गरेर उनीहरूलाई थप मद्दत गर्न र पृष्ठपोषण दिन शिक्षकलाई सहज हुन्छ । खासगरी प्राथमिक तहका बालबालिकाको गृहकार्यमा अभिभावक पनि संलग्न हुन्छन् । बालबालिका र अभिभावकबीचको सम्बन्ध सुमधुर बनाउँछ र घरमा पढ्ने सकारात्मक वातावरण सिर्जना गर्न मद्दत गर्छ । विद्यालयबाट फर्केपछिको पूरै समय खाली हुने हो भने बालबालिका कुलतमा फस्ने, सामाजिक सञ्जालको लत लाग्ने, आवश्यकभन्दा बढी समय खेलकुदमा बिताउने जस्ता नकारात्मक बानीको विकास हुन सक्छ । त्यसैले गृहकार्यले विद्यार्थीलाई फुर्सदको समयको सही सदुपयोग गर्न सिकाउँछ । गृहकार्य सम्बन्धमा एक अनुसन्धानले भन्छ- गृहकार्यले बालबालिकामा जवाफदेहिता, स्वतन्त्रता, अनुशासन, समय व्यवस्थापन, स्वनिर्देशन, समालोचनात्मक चिन्तन र समस्या समाधान गर्ने सिपको विकास गर्छ । गृहकारर्य सिकाइलाई मजबुत बनाउने र विद्यार्थीको बुझाइमा सुधार गर्ने मूल्यवान साधनका रूपमा लिन्छन्, सामुदायिक विद्यालयका शिक्षकहरू । उनीहरूका बुझाइमा गृहकार्य विद्यार्थीको व्यक्तिगत स्तरअनुसार तयार पारिएको हुनुपर्छ र यसलाई सजायको रूपमा प्रयोग गर्नु हुँदैन ।

**बढी गृहकार्य किन हानिकारक छ ?**

अपवाद बाहेक शिक्षक, अभिभावक, शिक्षाविद्हरू विद्यार्थीलाई गृहकार्य दिनुपर्छ भन्नेमा एकमत देखिन्छन् । अभिभावकले भने अलि बढी गृहकार्य हुँदा ठिक हुन्छ भन्ने गरेको सुनिन्छ । तर विद्यार्थीलाई गृहकार्यको भारी बोकाइयो भने सिकाइमा नकारात्मक परिणाम प्राप्त हुन्छ । विद्यालयमा लामो समय पठनपाठन प्रक्रियामा संलग्न भएर घर फर्केपछि पनि घण्टौंसम्म गृहकार्य गर्नुपर्दा बालबालिका मानसिक रूपमा थकित हुन्छन् । यसले उनीहरूमा मानसिक तनाव, पढाइप्रति नैराश्यता र वितृष्णा पैदा गर्न सक्छ । अधिक गृहकार्यका कारण मानसिक मात्र नभई शारीरिक स्वास्थ्यमा पनि असर पर्छ । धेरै गृहकार्य गर्ने विद्यार्थीहरू घण्टौं एउटै कुर्सी वा आसनमा बस्नुपर्ने हुन्छ । यसले गर्दा ढाड दुख्ने, आँखा कमजोर हुने र मोटोपन बढ्ने जस्ता शारीरिक समस्याहरू देखा पर्न सक्छन् । गृहकार्यको चापले राति ढिलासम्म पढ्नुपर्ने हुन्छ, जसले गर्दा विद्यार्थीलाई निद्रा पुग्दैन । पर्याप्त निद्रा नपुग्दा भोलिपल्ट कक्षामा अल्छी मान्ने र एकाग्र हुन नसक्ने हुन्छ । बालबालिकाका लागि खेल्नु, साथीहरूसँग घुलमिल हुनु र समाजका विभिन्न गतिविधिमा भाग लिनु जीवन विकासका महत्त्वपूर्ण प्रक्रिया हुन् । तर अत्यधिक गृहकार्यले उनीहरूको सामाजिक जीवनलाई खुम्च्याइदिन्छ ।

**गृहकार्य कति हुनुपर्छ ?**

गृहकार्यको मात्रा विद्यार्थीको उमेर र शैक्षिक स्तरअनुसार फरक हुनुपर्छ । गृहकार्यसम्बन्धी अग्रणी अनुसन्धानकर्ता ड्यूक विश्वविद्यालयका प्राध्यापक ह्रयारिस एम. कुपरले गृहकार्य र शैक्षिक उपलब्धिबीचको सम्बन्धका बारेमा दशकौंदेखि गरिएका अध्ययनहरूको विश्लेषण गरेका छन् । उनले '१० मिनेटको नियम' प्रस्ताव गरेका छन् । यो प्रस्तावअनुसार कक्षा १ का विद्यार्थीले दैनिक १० मिनेट र कक्षा १० का विद्यार्थीले १०० मिनेट गृहकार्य गर्नुपर्ने हुन्छ । यो प्रस्तावलाई कयौं देशका शिक्षक अभिभावक संघले निर्णय गरेर लागु गरेको पाइन्छ । प्राथमिक उमेरका बालबालिका भर्खर पढ्न सिक्दै हुन्छन्, त्यसैले उनीहरूलाई धेरै गृहकार्य दिनु हुँदैन । कक्षा १ मा १० वा १५ मिनेटदेखि क्रमश: कक्षा ५ सम्मका विद्यार्थीलाई ५० मिनेटदेखि अधिकतम १ घण्टाको गृहकार्य पर्याप्त हुन्छ । गृहकार्यमा लेखाइ, पढाइ र गणितीय सिप विकास गर्ने रमाइला क्रियाकलापहरू समावेश हुनुपर्छ । आधारभूत तह कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरूलाई विस्तारै स्वतन्त्र रूपमा अध्ययन गर्ने बानी बसाल्ने किसिमका गृहकार्यमा जोड दिनुपर्छ । उनीहरूका लागि दैनिक १ देखि डेढ घण्टाको गृहकार्य उपयुक्त मानिन्छ । यस्ता किसिमका गृहकार्यले उनीहरूलाई नयाँ विषयवस्तु खोज्न र बुझ्न प्रेरित गर्छ । माध्यमिक तह कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरूले क्षेत्रीय र राष्ट्रिय स्तरको बोर्ड परीक्षाका लागि तयारी गर्नुपर्ने हुन्छ । त्यसैले यी कक्षाहरूमा गृहकार्य अलि गहिरो र विस्तृत हुन सक्छ र विद्यार्थीले केही लामो समय गृहकार्यमा बिताउनु पर्ने हुन्छ । यद्यपि, उनीहरूलाई पनि दैनिक २ घण्टा देखि २.५ घण्टा भन्दा बढीको गृहकार्य दिनु हुँदैन ।

**गुणस्तरीय गृहकार्य कस्तो हुनुपर्छ ?**

गृहकार्य मूलत: पाठ्यपुस्तकबाट प्रश्न सोध्ने र त्यही पुस्तक पढेर उत्तर लेख्ने किसिमका हुन्छन् । तर सिर्जनात्मक तथा प्रयोगात्मक किसिमका गृहकार्य दिँदा शिक्षकले विद्यार्थीहरूलाई स्पष्ट रूपमा बुझ्ने गरी निर्देशन दिनुपर्छ । विद्यार्थीले गरेको गृहकार्य शिक्षकले ध्यान दिएर परीक्षण गर्नुपर्छ । विद्यार्थीको सिकाइ क्षमता र स्तरअनुसार एउटै कक्षामा पढ्ने विद्यार्थीलाई पनि फरकफरक गृहकार्य दिनुपर्ने हुन्छ । त्यसैले शिक्षकले गृहकार्य दिँदा विद्यार्थीको व्यक्तिगत क्षमता र रुचिलाई ध्यान दिनुपर्छ । कमजोर विद्यार्थीलाई सिकाइको लागि प्रेरणा मिल्ने र जेहेनदार विद्यार्थीका लागि सिर्जनात्मक र खोज तथा अनुसन्धान गर्नुपर्ने किसिमका गृहकार्य दिनु उपयुक्त हुन्छ । सिर्जनात्मक, प्रयोगात्मक वा खोज अनुसन्धानको नाममा गृहकार्यमा पूर्णत: नयाँ विषयवस्तु दिनु हुँदैन । स्टानफोर्ड विश्वविद्यालयका प्राध्यापक डेनिस पोपका अनुसार विद्यार्थीको रुचि, उमेर र क्षमताअनुसार दिइने रचनात्मक तथा स्वायत्तता प्रदान गर्ने गुणस्तरीय गृहकार्यले उनीहरूको उत्प्रेरणा र शैक्षिक स्तर बढाउँछ । बोझिलो गृहकार्य दिनुभन्दा विद्यार्थीलाई विषयवस्तु स्पष्टसँग बुझाउने खालको अर्थपूर्ण गृहकार्य दिनुपर्छ । स्पष्ट उद्देश्यसहित सिकाइसँग जोडिएको, विद्यार्थीले विना कुनै सहयोग वा सामान्य सहयोगमा पूरा गर्न सक्ने, शिक्षकद्वारा निर्देशन स्पष्ट र व्याख्या गरिएको, विद्यार्थीलाई समर्पित, मिहिनेती, नवीन, सिर्जनशील र आलोचनात्मक विचारक बन्न प्रोत्साहित गर्ने गृहकार्य राम्रो मानिन्छ ।

**अभिभावकको भूमिका**

गृहकार्य मात्र होइन बालबालिकाको समग्र पढाइलाई प्रभावकारी बनाउन अभिभावकको भूमिका महत्वपूर्ण हुन्छ । घरमा बालबालिकालाई पढ्नका लागि शान्त र उपयुक्त वातावरण सिर्जना गर्ने, गृहकार्य गर्दा आउने कठिनाइलाई धैर्यतापूर्वक सुन्ने, निरन्तर हौसला प्रदान गर्नुपर्छ । तर आफैंले पूरा उत्तर भनिदिने वा लेखिदिने गर्नु हुँदैन । अभिभावक बालबालिकाले गृहकार्य गरुन्जेल सँगै बस्न नभ्याए पनि बेलाबेलामा गृहकार्य कति गर्यौ कति बाँकी छ जस्ता प्रश्न विनम्र भएर सोध्ने गर्नुपर्छ र अप्रत्यक्ष रूपमा नियमित निगरानी गर्नुपर्छ ।

*-अनलाइन खबर डटकम*

# शिक्षा सुधारमा निजी क्षेत्रको सहकार्य अपरिहार्य : शिक्षामन्त्री पोखरेल



सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शिक्षा क्षेत्रको नीतिगत तथा संरचनागत सुधारका लागि निजी क्षेत्रसँगको सहकार्यलाई थप सुदृढ बनाइने बताएका छन् । सिंहदरबारस्थित शिक्षा तथा खेलकुद मन्त्रालयमा राष्ट्रिय निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (एन-प्याब्सन), निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल ( प्याब्सन), उच्च शिक्षालय तथा माध्यमिक विद्यालय सै (हिसान), एसोसिएसन अफ प्रि-स्कुल एजुकेटर्स नेपाल (एपिइएन)लगायत निजी विद्यालयसँग सम्बन्धित विभिन्न संघ-संस्थाका पदाधिकारी तथा प्रतिनिधिसँग भएको छलफलमा मन्त्री पोखरेलले यस्तो धारणा व्यक्त गरेका हुन् । छलफलमा विद्यालय शिक्षाको वर्तमान अवस्था, निजी विद्यालयले भोगिरहेका चुनौती, गुणस्तरीय शिक्षा प्रवर्द्धन, नीतिगत सुधार, विद्यालय शिक्षा ऐन तथा शिक्षा क्षेत्रसँग सम्बन्धित समसामयिक विषयमा विस्तृत कुराकानी भएको थियो । मन्त्री पोखरेलले शिक्षा क्षेत्रको नीतिगत र संरचनागत सुधारलाई सरकारले प्राथमिकतामा राखेको उल्लेख गर्दै नीति निर्माण तथा निर्णय प्रक्रियामा निजी क्षेत्रका सरोकारवालाको सहभागिता सुनिश्चित गरिने बताए । सरकार र निजी क्षेत्रबीच समन्वय तथा सहकार्यलाई अझ प्रभावकारी बनाउँदै शिक्षा सुधारका कार्यक्रम अघि बढाइने उनको भनाइ थियो । "हामी निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्न सकारात्मक छौं । सरकारका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निजी क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहनेछ," मन्त्री पोखरेलले भने । उनले विद्यालय शिक्षा ऐनलाई दीगो, व्यवहारिक र दीर्घकालीन बनाउने उद्देश्यका साथ निजी क्षेत्रसँग निरन्तर परामर्श र सहकार्य गरिने प्रतिबद्धता व्यक्त गरे । साथै शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रस्ताव गरिएको ३ प्रतिशत समता शुल्क हटाउने विषयमा आफूले सुरुदेखि नै पहल गरेको उल्लेख गर्दै सरकारको पछिल्लो निर्णयले शिक्षा क्षेत्रलाई राहत पुगेको बताए । मन्त्री पोखरेलले छात्रवृत्ति वितरण प्रणालीलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक सुधारका काम अघि बढाइरहेको जानकारी पनि दिए । शिक्षा मन्त्रालयका सल्लाहकार शैलेन्द्र झाले शिक्षा क्षेत्रको नीति, योजना र कार्यान्वयनमा निजी क्षेत्रसँग सहकार्य गर्दै अघि बढ्ने सरकारको प्रतिबद्धता दोहोर्याए । उनले विद्यालय शिक्षा ऐन शीघ्र ल्याउन आवश्यक रहेको उल्लेख गर्दै त्यसका लागि निजी क्षेत्रको रचनात्मक सहयोग आवश्यक पर्ने बताए । छलफलमा सहभागी निजी विद्यालयका प्रतिनिधिहरूले शिक्षा क्षेत्रका नीतिगत विषयमा सरकारसँग प्रत्यक्ष संवाद गर्ने अवसर मिलेकोमा खुशी व्यक्त गर्दै यस्ता छलफललाई नियमित बनाउन आग्रह गरे । उनीहरूले शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रस्ताव गरिएको ३ प्रतिशत समता शुल्क हटाउने सरकारको निर्णयको स्वागत गर्दै शिक्षा क्षेत्रको सुधारका लागि सरकारसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएका थिए । मन्त्रालयका अनुसार पछिल्लो समय शिक्षामन्त्री पोखरेलले शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवाला निकाय, शैक्षिक संस्था तथा प्रतिनिधिसँग निरन्तर संवाद गर्दै उनीहरूका सुझावका आधारमा नीतिगत सुधार र आवश्यक समन्वयलाई तीव्रता दिँदै आएका छन् । *-रासस*

# त्रि.वि : राजनीतिक...

...अङ्ग्रेजी र नेपाली भाषा साहित्यसम्बन्धी विषयमा त यो परीक्षण झनै सरल र प्रभावकारी हुन सक्छ । नेपाली, अङ्ग्रेजी वा अन्य भाषा विषयका उम्मेदवारलाई अन्तर्वार्ताकै क्रममा एउटा तत्कालीन कुनै विषय दिएर पाँच/सात मिनेटभित्र छोटो लेख सो विषयमा लेख्न लगाउन सकिन्छ । यसबाट उम्मेदवारको तत्कालीन भाषिक क्षमता, विचार निर्माण, तर्कशक्ति, शब्द चयन र लेखनशैलीबारे प्रत्यक्ष परीक्षण गर्न सकिन्छ । त्यसपछि उम्मेदवारले पेस गरेको प्रकाशित लेखको भाषिक शैलीसँग त्यसलाई तुलना गर्न सकिन्छ । शैली, वाक्य संरचना, शब्द चयन, विचार निर्माण र भाषिक दक्षताबिच ठूलो अन्तर देखिएमा थप छानबिन गर्न सकिन्छ । यसले दुइटा विषयको एकैपटक परीक्षण गर्न सक्छ- उम्मेदवारको विषयगत ज्ञान र उसको वास्तविक लेखन क्षमता । विशेषगरी भाषा विषयका प्राध्यापकका लागि यस्तो परीक्षण अत्यन्त आवश्यक देखिन्छ । किनभने अरूबाट लेखाइएका सामग्री र स्वयम्ले लेखेका सामग्रीबिचको अन्तर भाषिक परीक्षणबाट धेरै हदसम्म पहिचान गर्न सकिन्छ । ३०-४० मिनेट चल्ने अन्तर्वार्तामा यो पाँच-सात मिनेटको लेखन शैली जाँच्ने विधिले समयको बर्बादी गर्ने होइन कि उम्मेदवारको योग्यता परीक्षण गर्न सहयोग पुग्छ ।

**सेवा आयोगको अग्निपरीक्षा**

त्रिभुवन विश्वविद्यालयमा लामो समयदेखि राजनीतिक छायामा बाँचेर, कक्षाकोठामा प्रभावकारी शिक्षक बन्न नसकेका तर राजनीतिक पहुँच, सङ्गठनात्मक सम्बन्ध वा शङ्कास्पद कागजातका आधारमा बढुवा प्राप्त गर्न खोज्ने व्यक्तिहरूको चर्चा हुने गरेको छ । कसैले राजनीतिक संरक्षणमा वर्षौं बिताएको हो वा वास्तविक प्राज्ञिक योगदान गरेको हो ? कसैले आफैंले अनुसन्धान गरेको हो वा अरूबाट लेखाएको हो ? कसैको कागजात वास्तविक हो वा नक्कली ? यी सबै प्रश्नको निष्पक्ष उत्तर अबको बढुवा प्रक्रियाले देओस् र मानक स्थापित गरोस् । त्रिभुवन विश्वविद्यालयलाई राजनीतिक भागबन्डाबाट मुक्त गर्न केवल राजनीतिक भाषण पर्याप्त छैन । नियुक्ति, बढुवा, परीक्षा र मूल्याङ्कनका प्रत्येक प्रक्रियामा पारदर्शिता, योग्यता र उत्तरदायित्व स्थापित गर्नुपर्छ । विश्वविद्यालयका पदाधिकारी राजनीतिक दलका प्रतिनिधि होइनन्, उनीहरू विश्वविद्यालयका संरक्षक र सेवक हुन् । प्राध्यापक राजनीतिक सङ्गठनका कार्यकर्ता हुन सक्छन्, तर विश्वविद्यालयभित्र उनीहरूको मूल्याङ्कन प्राज्ञिक योगदानका आधारमा हुनुपर्छ । विद्यार्थी सङ्गठनहरू लोकतान्त्रिक अधिकारका पक्षधर हुन सक्छन्, तर विश्वविद्यालयका नियुक्ति र प्रशासनिक निर्णयमा उनीहरूको दबाब संस्थागत स्वायत्तताको विकल्प बन्न सक्दैन ।

**राजनीतिक छायाबाट प्राज्ञिक क्षितिजतर्फ**

त्रिभुवन विश्वविद्यालयको पुनर्निर्माण केवल भवन, बजेट र प्रविधिबाट मात्र सम्भव छैन । अब आवश्यक छ- नियुक्ति र बढुवामा राजनीतिक भागबन्डाको अन्त्य, अनुसन्धानमा प्राज्ञिक इमानदारी, मूल्याङ्कनमा पारदर्शिता र पदाधिकारीमा संस्थाप्रतिको पहिलो उत्तरदायित्व । विश्वविद्यालयलाई राजनीतिक दलले होइन, विश्वविद्यालयका नियम, विधि, ज्ञान र प्राज्ञिक विवेकले चलाउनुपर्छ । त्रिभुवन विश्वविद्यालयको भविष्य अब एउटा निर्णायक मोडमा उभिएको छ । अहिले पनि योग्यता र प्राज्ञिकताको ठाउँमा राजनीतिक पहुँच, समूहगत दबाब र व्यक्तिगत स्वार्थले जित्यो भने विश्वविद्यालयको क्षयीकरण थप बढ्ने निश्चित छ । तर निष्पक्षता, पारदर्शिता र वास्तविक प्राज्ञिक क्षमता र योगदानलाई प्राथमिकता दिइयो भने यही विश्वविद्यालयले आफ्नो गुमेको साखको पुनर्जागरण गराउन सक्छ । आशा गरौं- अब सेवा आयोगले को कसको नजिकको र कुन राजनीतिक आस्थाको मान्छे हो भन्नेबाट माथि उठेर ज्ञान, अनुसन्धान र कर्मले प्राज्ञिक व्यक्तिहरूको छनोट गर्नेछ । *-रातोपाटी डटकम*

# रूपन्देहीमा आर्थिक अपराध एवं घरेलु हिंसाका घटना उच्च



**काठमाडौं,** साउन १०/ रूपन्देहीमा सङ्गठित तथा आर्थिक अपराध एवं घरेलु हिंसाका घटना सबैभन्दा बढी हुने गरेको पाइएको छ । गत जेठ र असार महिनामा सबैभन्दा यीनै दुई विषयमा उजुरी परेको जिल्ला प्रहरी रूपन्देहीले जनाएको छ । गत जेठमा जिल्लामा ५९ वटा सङ्गठित तथा आर्थिक अपराधसम्बन्धी मुद्दा दर्ता भएको थियो भने असारमा सोही प्रकृतिका ५८ वटा मुद्दा दर्ता भएका थिए । गत असारमा नै रूपन्देही प्रहरीले नक्कली नेपाली नोट छाप्ने गिरोहमा संलग्न ६ जनालाई पक्राउ गरेको थियो । त्यसबेला एक भारतीय नागरिक र पाँच नेपाली नागरिकलाई पक्राउ गरेको थियो । उनीहरूको साथबाट एक हजार दरका नक्कली नेपाली नोट छाप्ने मेसिन तथा पाँच लाख ९२ हजार रूपैयाँ बराबरका नक्कली नोट बरामद गरिएको थियो । त्यसैगरी जिल्लामा महिला र जेष्ठ नागरिकतर्फका उजुरी पनि उल्लेख्य रहेको छ । जेठ महिनामा घरेलु हिंसा ९३ वाटा उजुरी परेको छ भने असारमा ९९ वटा उजुरी दर्ता भएको छ । छिमेकीसँगको झगडासम्बन्धी ठाडो उजुरी पनि उल्लेख रहेको छ । रूपन्देही प्रहरीक अनुसार जेठमा ७२ वटा त्यस्तो ठाडो उजुरी दर्ता भएकामा असारमा ६३ वटा ठाडो उजुरी दर्ता भएको थियो । जेठमा जम्मा १८२ वटा अपराधका घटना दर्ता भएका थिए भने असारमा १७६ वटा मुद्दा दर्ता भएका थिए । त्यसैगरी जेठमा सामाजिक अपराधका ५२ वटा दर्ता भएकामा असारमा त्यस्तो मुद्दा २१ वटा दर्ता भएको थियो । जिल्ला ज्यानसम्बन्धी उजुरी पनि अत्यधिक हुने गरेको छ । जेठमा २३ वटा ज्यानसम्बन्धी मुद्दा दर्ता भएकामा असारमा ३५ वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ । प्रहरीले जेठमा २४३ जनालाई पक्राउ गरेको थियो भने असारमा १६१ जनलाई पक्राउ गरेको थियो । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नावय उपरीक्षिक कृष्णकुमार चन्दका अनुसार आर्थिक अपराधका घटना प्रहरीका लागि चुनौतीका रूपमा खडा भएको छ । चेक बाउन्स र अनलाइन फ्रडका कारण सर्वसाधारण मर्कामा पर्ने गरेको उनको भनाइ छ । जिल्लाको ग्रामीण क्षेत्रमा अशिक्षाका कारण पनि सामाजिक एवं घरेलु हिंसाका घटना सबैभन्दा बढी हुने गरेको उनले बताए ।*-रासस*

## तानसेनमा २४सैं घण्टा ...

...उनका अनुसार बालरोग, स्त्री तथा प्रसूति रोग, हाडजोर्नी, छाला रोगलगायत विभिन्न विधाका विशेषज्ञ सेवा पनि नियमित रूपमा उपलब्ध हुनेछ । तानसेनमा हालसम्म सहज रूपमा उपलब्ध नभएका केही स्वास्थ्य सेवासमेत यस पोलिक्लिनिकमार्फत प्रदान गरिने उनले जानकारी दिए ।

डा. रेग्मीका अनुसार पोलिक्लिनिक सञ्चालनका लागि प्रारम्भिक चरणमा ८० लाख रुपैयाँ लगानी गरिएको छ । आवश्यक भवन व्यवस्थापन, आधुनिक स्वास्थ्य उपकरण जडान, दक्ष जनशक्ति व्यवस्थापन तथा सेवा सञ्चालनसम्बन्धी सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको उनले बताए । उनले भविष्यमा पोलिक्लिनिकलाई सुविधासम्पन्न अस्पतालका रूपमा विस्तार गर्ने योजना रहेको उल्लेख गर्दै गुणस्तरीय, विश्वासिलो र नागरिकमैत्री स्वास्थ्य सेवा प्रदान गर्न प्रतिबद्ध रहेको बताए । कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले जिल्लामा विशेषज्ञ स्वास्थ्य सेवाको अभावका कारण नागरिकहरू उपचारका लागि बुटवल, भैरहवा, काठमाडौंलगायतका सहर जान बाध्य रहेको उल्लेख गर्दै अब तानसेनमै २४सै घण्टा विशेषज्ञ सेवा सञ्चालन हुन लाग्नु सकारात्मक उपलब्धि भएको बताए । उनले पोलिक्लिनिकको सफल सञ्चालनका लागि शुभकामना व्यक्त गरे । कार्यक्रममा सहभागी पत्रकारहरूले स्वच्छ प्रतिस्पर्धा, गुणस्तरीय सेवा र बिरामीमैत्री व्यवहारलाई प्राथमिकता दिँदै सेवा सञ्चालन गर्न सुझाव दिएका थिए । पत्रकार सम्मेलनको सञ्चालन सन्तोष ज्ञवालीले गरेका थिए ।

## कहाँ हराए बकुल्ला...

...उनले भने “असार, साउनको महिनामा खेतभरी बकुल्लाहरु देखिन्थे, जसले गर्दा फाँट नै रमणीय हुन्थ्यो, हिजो आज भने छिट्टफुट्ट रुपमा एक/दुई वटा मात्र देखिन्छन् ।” एक दशक अघि सम्म बर्खा लागेपछि पाल्पाका फाँट र सिमसारहरुमा देखिने बकुल्ल हिजो आज भने देखिन छोडेका छन् ।

यहाँका माडीफाँट, अर्गली, रामपुर पूर्वखोला जस्ता फाँट र स-साना खोलाका किनारामा देखिने हाँस प्रजातिका सेतो बकुल्लाहरु आहारको अभावमा यति बेला देख्न पाइँदैन । यिनीहरु पोखरी, नदी, धानखेत र दलदल क्षेत्रमा पाइने साना माछा, भ्यागुता, कीरा तथा अन्य जलचर खाएर वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेल्छ । कृषिमा हानिकारक कीरा नियन्त्रण गर्न समेत यसले अप्रत्यक्ष सहयोग पुऱ्याउने भएकाले बकुल्ला किसानको साथीका रूपमा पनि चिनिन्छ । तर पछिल्ला वर्षहरूमा सिमसार क्षेत्र मासिँदै जानु बकुल्लाका लागि ठूलो चुनौती बनेको छ । नयाँ सडक, भवन निर्माण र सहरी विस्तारका कारण प्राकृतिक बासस्थान नष्ट भइरहेका छन् । त्यसमाथि कृषि क्षेत्रमा प्रयोग हुने विषादी पानीमार्फत सिमसारमा पुग्दा बकुल्लाको आहारा घट्नुका साथै यसको स्वास्थ्यमा समेत प्रतिकूल असर परेको छ । जलवायु परिवर्तनले पनि बकुल्लाको जीवनचक्रमा प्रभाव पारिरहेको छ । वर्षाको अनियमितता, पानीका स्रोत सुक्नु र तापक्रम वृद्धि हुँदा चराले सुरक्षित बासस्थान र पर्याप्त आहारा पाउन कठिनाइ भइरहेको छ । पक्षी संरक्षणमा संलग्न विज्ञहरूका अनुसार बकुल्लाको संरक्षणका लागि सिमसार क्षेत्र जोगाउनु सबैभन्दा महत्वपूर्ण उपाय हो । नदी, पोखरी र तालतलैयाको संरक्षण, रासायनिक विषादीको प्रयोगमा कमी, वृक्षारोपण तथा जनचेतना अभिवृद्धि गरिएमा यसको बासस्थान सुरक्षित रहन सक्छ । प्रकृतिको सुन्दरतासँगै जैविक विविधताको महत्वपूर्ण सदस्य बकुल्ला हराउँदै जानु एउटा चराको मात्र समस्या होइन, यो सम्पूर्ण पारिस्थितिक प्रणाली कमजोर बन्दै गएको संकेत पनि हो । त्यसैले बकुल्लाको संरक्षण गर्नु भनेको सिमसार, जैविक विविधता र भावी पुस्ताका लागि स्वस्थ वातावरण जोगाउनु हो । समयमै प्रभावकारी संरक्षणका उपाय अवलम्बन गर्न सकिएन भने भविष्यमा बकुल्ला केवल पुस्तकका तस्बिर र सम्झनामा सीमित हुने खतरा बढ्दै जानेछ ।

### खेलकुद समाचार

## नेपाल भलिबल लिगको अक्सन



**काठमाडौं,** साउन १०/नेपालको पुरुष भलिबल फ्रेन्चाइज लिग, नेपाल भलिबल लिग (एनभीएल) को अक्सन आइतबार हुँदैछ । केडिया ग्रुपको आयोजनामा पहिलो पटक हुन लागेको पुरुष भलिबल लिगको लागि आज अक्सन हुन लागेको हो । एनभीलको पहिलो संस्करण भदौ १२ गतेदेखि काठमाडौंको त्रिपुरेश्वरस्थित कभर्डहलमा हुने तय छ । नेपाली भलिबलको इतिहासमा यो दोस्रो अक्सन हुनेछ । यसअघि गत वर्ष महिला फ्रेन्चाइज लिग एभरेष्ट महिला भलिबल लिगको दोस्रो संस्करणअघि अक्सन भएको थियो । एनभीएलमा सगरमाथा स्प्यासर्स, मधेश वारियर्स, काठमाडौं रेड्स, अन्नपूर्ण स्पाइकर किड्स, कर्णाली शिवराज र खप्तड फाल्कन्स सुदूरपश्चिमले प्रतिस्पर्धा गर्दैछन् । नेपाल भलिबल लिगको अक्सनका लागि आयोजकले १२९ खेलाडीको नाम सर्टलिस्ट गरेको छ । ती खेलाडीलाई दुई क्याटेगोरीमा राखेर अक्सन गरिने आयोजकले जनाएको छ । क्याटेगोरी ए मा ५६ र क्याटेगोरी बी मा ६३ खेलाडी छन् । एनभीएलमा सहभागि ६ फ्रेन्चाइजले अक्सनबाट ७-७ खेलाडी आफ्नो टिममा अनुबन्ध गर्नेछन् । जसमा क्याटेगोरी ए बाट ४ र क्याटेगोरी बी बाट ३ खेलाडी अनुबन्ध गर्नुपर्नेछ । यसअघि नै हरेक टिमले मार्की खेलाडी अनुबन्ध गरिसकेका छन् । सगरमाथा स्प्यासर्सले हरिहजुर थापा, मधेश वारियर्सले रविन नगरकोटी, काठमाडौं रेड्सले सुनिल बोहरा, अन्नपूर्ण स्पाइकर किड्सले हिमाल सुनारी, कर्णाली शिवराजले पहल गहतराज र खप्तड फाल्कन्सले धिरज बस्नेतलाई मार्की प्लेयर बनाएको छ । अक्सनमा क्याटोगरी ए का खेलाडीको लागि न्युनतम मूल्य एक लाख र अधिकतम एक लाख २० हजार तोकिएको छ । क्याटोगरी की को लागि न्युनतम मूल्य ५० हजार र अधिकतम ७० हजार कायम गरिएको छ । एनभीएलमा हरेक टोलीमा १२-१२ खेलाडी हुनेछन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## सुनचाँदीको मूल्य बढ्यो



**पाल्पा,** साउन १०/ आइतबार सुनचाँदीको मूल्य केही बढेको छ । गत शुक्रबारको तुलनामा सुन तोलामा एक हजार ६ सयर चाँदी ६० रुपैयाँले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार एक तोला छापावाल सुनको मूल्य दुई लाख ८७ हजार एक सय र त्यति नै परिमाणको सेतो धातुको भाउ चार हजार ४ सय १० निर्धारण भएको छ ।गत शुक्रबार एक तोला छापावाल सुनको मूल्य दुई लाख ८५ हजार ५ सय र त्यति नै परिमाणको सेतो धातुको भाउ चार हजार ३ सय ५० निर्धारण भएको थियो । गत बिहीबार एक तोला छापावाल सुनको मूल्य दुई लाख ९१ हजार ३०० र चाँदी चार हजार ५०५ मा कारोबार भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ५२ र चाँदी ५८ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई